**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**(आन्तरिक प्रशासन शाखा)**
**रामशाहपथ, काठमाडौं**

# <u>सररफाई तथा बगैंचा रेखदेख कार्यका लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सुचना</u>

**प्रथमपटक प्रकाशित मितिः २०८१।०४।२५**

यस मन्त्रालयबाट चालु आ.व. २०८१/८२ को निमित्त मन्त्रालयको बगैंचा रेखदेख मन्त्रालय परिसर र मन्त्रालय भवन सरसफाई ठेक्का मार्फत गराउनुपर्ने भएकोले इच्छुक कम्पनी, फर्म वा संस्थाहरुले देहायका शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक दरभाउपत्रदाताहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र पछि फिर्ता नहुने गरी रु १०००।- (एक हजार) यस मन्त्रालयको आर्थिक प्रशासन शाखामा बुझाई आन्तरिक प्रशासन शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. इच्छुक दरभाउपत्रदाताहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आन्तरिक प्रशासन शाखाबाट आवश्यक जानकारी प्राप्त गर्ने र सिलबन्दी दरभाउपत्र खरिद गर्न सक्नेछन् ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा फर्म दर्ताको नवीकरण भएको प्रमाणपत्र मू.अ.कर दर्ताको प्रमाण पत्र,करचुक्ताको प्रमाणित प्रतिलिपि र श्रमीक आपूर्ति इजाजत प्रमाण पत्र प्रमाणित प्रतिलिपि समेत साथै राखी पेश गर्नुपर्नेछ ।

४. सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र यस मन्त्रालयमा दर्ता गराइ सक्नुपर्नेछ ।

५. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे उपस्थित भएका दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस मन्त्रालयमा खोलिनेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

६. दरभाउपत्रदाताले दरभाउपत्रसाथ जमानत वापत रु. ५९,५००।- ( अक्षेरुपी उनन्साठी हजार पाँच सय ) नेपाल राष्ट्र बैंक बालुवाटार स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौं ( समन्वय कार्यालय, बबरमहल ) को धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा ७५ ( पचहत्तर) दिन म्याद भएको वोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्दा सबैभन्दा कम दर कबोल गर्ने दरभाउपत्रलाई स्वीकृत गरिनेछ ।

८. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालयय खुलेको दिन सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिनेछ ।

९. सिलबन्दी दरभाउपत्रदाताले फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनुपर्नेछ ।

श्री सुचना प्रविधि शाखा - मन्त्रालयको वेव साईटमा अपलोड गरिदिन हुन ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं